नेपाल सरकार
गृह मन्त्रालय

मिति २०७६।०३।२८ मा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकको निर्देशन समेत अनुसर विपद् तथा द्वन्द व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा विषयगत क्षेत्र (Clusters) बैठक बसी देहाय बमोजिमका निर्णयहरु गरियोः

१. मिति २०७६।०३।२६ देखि परेको अविरल वर्षासँगै पहिरो, बाढी, कटान तथा डुवानको प्रभावको समिक्षा गरियो । यी विपद्हरुले पुऱ्याएको क्षति एवं खोज, उद्धार तथा प्रतिकार्यको बारेमा गृह मन्त्रालयबाट जानकारी गराइयो ।

२. राहत, प्रतिकार्य र पुर्नलाभको कार्य गर्नको लागि Clusters activate गर्ने ।

३. विपद् प्रभावितहरुको तत्कालका आवश्यकताहरुको जानकारीका लागि सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिसँगको सहकार्यमा Integrated Need Assessment गर्ने ।

४. उक्त लेखाजोखा अध्यावधिक गरी प्राप्त तथ्याङ्क तथा क्षेत्रगत रुपमा भएका राहत, प्रतिकार्य र पुर्नलाभका कामहरुको जानकारी राष्ट्रिय आपत्कालीन कार्य संचालन केन्द्रमा नियमित उपलब्ध गराउने ।

५. राहत, प्रतिकार्य र पुर्नलाभका कार्यमा एकद्वार प्रणाली अनुसार जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यक समन्वय गर्ने ।

६. मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७६ अनुसार Cluster Based Preparedness Plan लाई अद्यावधिक गरी यसलाई र Situation Based Revision गर्ने गराउने र कार्यन्वयन गर्ने।

७. उल्लेखित निर्णयहरु कार्यन्वयनमा गर्न आफ्ना एवं मातहतका निकायहरुलाई सहयोगको लागि निर्देशन दिन प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिलाई अनुरोध गर्ने ।